# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको २२औं बार्षिक साधारण सभाको
## विवरण तथा निर्णयहरु

१. **बैधानिक सभा :**

यस छिमेक लघुवित्त वित्तीय संस्था लि.को मिति २०८०/०९/०६ गते बसेको सञ्चालक समितिको २९७औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली बमोजिम २२औं वार्षिक साधारण सभा वित्तीय संस्थाका अध्यक्ष श्री रामचन्द्र जोशी ज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति स्थान र समय**

मिति : २०८०/०९/२९ गते आईतबार (तदनुसार जनवरी १४, २०२४)
समय : बिहान ११.०० बजे ।
स्थान : होटल सामना प्रा. लि. को सभाहल, मकवानपुर, हेटौंडा ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८० पौष ७ र ८ गते “नागरिक दैनिक” मा प्रकाशित गरी सकिएको छ । साथै, साधारण शेयर दाखिल खारेजीको कार्य बन्द गरिएको मिति २०८०/०९/१६ गतेका दिन कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका साधारण शेयरधनी महानुभावहरुको ठेगाना तथा वित्तीय संस्थाको वेवसाईटमा आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन, सभाको प्रवेशपत्र तथा प्रोक्सी फाराम समेत पठाई सकिएको ब्यहोराको जानकारी कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठज्यूले सभालाई गराउनु भयो ।

४. **उपस्थिति :**

(क) सञ्चालक उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री रामचन्द्र जोशी | अध्यक्ष |
| २. | श्री ऋषि राज जोशी | सञ्चालक |
| ३. | श्री कर्ण बहादुर घले | सञ्चालक |
| ४. | श्री प्रकाश राज विष्ट | सञ्चालक |
| ५. | सुश्री सुशिला श्रेष्ठ | सञ्चालक |
| ६. | श्री शान्ता शिवाकोटी | सञ्चालक |

(ख) पदाधिकारी उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री चोलराज शर्मा जोशी | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री दिपक निधि तिवारी | नायब महाप्रबन्धक |
| ३ | श्री दिलिप कुमार श्रेष्ठ | सहायक महाप्रबन्धक/कम्पनी सचिव |
| ४ | श्री निकेश अधिकारी | सहायक महाप्रबन्धक |
| ५ | श्री दिपक पाण्डे | सहायक महाप्रबन्धक |
| ६ | श्री तारानाथ महतो | प्रमुख, सामाजिक विकास तथा ग्राहक संरक्षण विभाग |
| ७ | श्री विश्वनाथ सिग्देल | प्रमुख, कर्जा तथा सञ्चालन विभाग |
| ८ | श्री मेष वहादुर वस्नेत | प्रमुख, योजना तथा सम्पत्ति शुद्धिकरण अनुपालना विभाग |
| ९ | श्री हरि राज लोहनी | प्रमुख, जनशक्ति व्यवस्थापन विभाग |

| | | |
|---|---|---|
| १० | श्री निरन्जन महतो | प्रमुख, तालिम तथा अनुसंन्धान विभाग |
| ११ | श्री वेदनाथ अधिकारी | प्रमुख, आन्तरिक लेखा परीक्षण विभाग |
| १२ | श्री उत्सव राज जोशी | प्रमुख, प्रशासन तथा कानुन विभाग |
| १३ | श्री निरन्जन अर्याल | प्रमुख, सूचना तथा प्रविधि विभाग |
| १४ | श्री गणेश घिमिरे | प्रमुख, लेखा विभाग |
| १५ | श्री सन्दिप लामिछाने | प्रमुख, जोखिम व्यवस्थापन विभाग |

**(ग) आमन्त्रितहरु उपस्थिति :**

| | | |
|---|---|---|
| १ | श्री उदय राज खतिवडा | पुर्व सञ्चालक |
| २ | श्री ज्ञानेन्द्र राज पाण्डे | पुर्व सञ्चालक |
| ३ | श्री राम सोगारथ साह | पुर्व सञ्चालक |
| ४ | श्री शोभा मिश्र | पुर्व कम्पनी सचिव, नायव महाप्रवन्धक तथा अध्यक्ष छिमेक बजार व्यवस्था कम्पनी लि. |
| ५ | श्री भरत राज पोखरेल | कानुनी सल्लाहकार |
| ६ | श्री पूजा सिंजापती | प्रतिनिधि हिमालयन बैंक लि. |
| ७ | श्री कपिल के.सी. | प्रतिनिधि नविल बैंक लि. |
| ८ | श्री रविन दाहाल | प्रतिनिधि ग्लोबल आईएमई बैंक लि. |
| ९ | श्री प्रेम कुमार नायजु | अध्यक्ष छिमेक कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि. |

**(घ) शेयरधनीहरु उपस्थिति :**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | ५३ | २१६ | २६९ |

## ५. सभामा प्रस्तुत छलफलका विषयहरु :

### (क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागी लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखा परीक्षक श्री P.L.R.G. Associates ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.२,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.२८,३५,४०,२००/- (अक्षरेपी अट्ठाईस करोड पैंतिस लाख चालिस हजार दुई सय रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु. २,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को ५ प्रतिशतका दरले हुन आउने रकम रु.१४,१७,७०,१००/- (अक्षरेपी चौध करोड सत्र लाख सत्तरी हजार एकसय रुपैयाँ मात्र) बराबरको वोनस शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,९७,७१,७२,१००.०० ( अक्षरेपी दुई अर्ब सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) पुर्‍याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

(ग) विविध

६. गणपुरक संख्या, सभाको वैधानिकता :

(क) यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजी कार्य बन्द भएको मिति २०८० पौष १६ गतेसम्म कायम शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण यस प्रकार रहेको थियो ।

| बिवरण | | संस्थापक | सर्बसाधारण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| कुल संख्या | शेयरधनिहरु | १२८ | ४५,९३८ | ४६,०६६ | |
| | साधारण शेयर | १४४६०५५० | १३८९३४७० | २८३५४०२० | |

(ख) सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (वित्तीय संस्थाका शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थिति बिबरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं उपस्थिति संख्या (क) | शेयरधनिहरु | २५ | १७८ | २०३ |
| | साधारण शेयर | ११७८३४३५ | २८८११३४ | १४६६४५६९ |
| प्रतिनिधिद्वारा उपस्थिति संख्या (ख) | शेयरधनिहरु | २८ | ३८ | ६६ |
| | साधारण शेयर | १६१०१७७ | २६४५४३ | १८७४७२० |
| जम्मा उपस्थिति संख्या (क)+(ख) | शेयरधनिहरु | ५३ | २१६ | २६९ |
| | साधारण शेयर | १३३९३६१२ | ३१४५६७७ | १६५३९२८९ |
| साधारण शेयर संख्याको आधारमा | | ९२.६२% | २२.६४% | ५८.३३% |

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED KATHMANDU 2001 CHHIMEK

कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्वन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा कम्पनीको नियमावली, २०६२ को नियम (५) मा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५८.३३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न बैधानिक रहेको शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भएको थियो ।

७. **सभाको सभापतित्व र सभा संचालन :**

साधारण सभाको सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ एवं कम्पनीको नियमावली अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रामचन्द्र जोशीज्यूलाई अनुरोध गर्नुभयो र सञ्चालक समितिका अध्यक्षले सभाको सभापतित्व गर्नुभयो । प्रचलित कानुनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडी बढ्यो ।

८. **सञ्चालक श्री ऋषि राज जोशीज्यूबाट स्वागत मन्तव्य :**

वित्तीय संस्थाका सञ्चालक श्री ऋषि राज जोशीज्यूले २२औं वार्षिक साधारण सभामा सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अतिथि महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभयो ।

९. **सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको काम कारवाहीलाई अगाडी वढाउने क्रममा सभापति श्री रामचन्द्र जोशीज्यूले आफ्नो मन्तव्य सहित वित्तीय संस्थाको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो । सञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको नाफा नोक्सान विवरण, नाफा नोक्सान बाँडफाँड विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्वन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :**

छलफलमा भाग लिदै निम्न शेयरधनी महानुभावहरुले आ-आफ्ना जिज्ञासा एवं सुझावहरु सभामा राख्नुभयो ।

**(क) उदय राज खतिवडा**

- सदस्यहरुले गैह्र वित्तीय क्षेत्रमा (सामाजिक, सास्कृतिक र आर्थिक) गरेको प्रगतिहरुलाई प्रचार प्रसार गर्न सकेमा लघुवित्तले समाजमा पुर्याएको योगदानको बारेमा जानकारी हुने । हाल लघुवित्तले राम्रो गरे पनि उपलब्धिहरु छायाँमा परेको । लघुवित्त सम्बन्धमा देखिएका भ्रम हटाउन छिमेकले के कस्तो कार्य गरिरहेको छ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिममा दिनपर्ने सुझाव दिनुभयो ।
- लघुवित्त क्षेत्रमा कर्मचारीहरुबाट हुनसक्ने Fraud रोक्नको लागि वित्तीय संस्थाले Cross Checking Mechanism बलियो बनाउदै लैजानु पर्ने सुझाव दिनुभयो ।

**(ख) ज्ञानेश्वर प्रसाद सोनार**

- वार्षिक प्रतिवेदनको पेज नं. ५६ मा उल्लेख भएको Schedule to the Financial Statement को ४.१ को Cash and Cash Equivalent मा अघिल्लो आ.व. २०७८/७९ मा रु.३,००,५३,७१,२९५.४३ रहेकोमा यस आ.व. २०७९/८० मा रु.७,७२,५५,२९,२४१.९५ भएकोले के कति कारणले सो रकम वढ्न गएको हो ?

**(ग) संजय राज विष्ट**

- विगतका वर्षहरुमा सँधै उच्चदरमा लाभांश दिदै आएकोमा यस पटक के कति कारणले लाभांश कम भएको हो ?
- प्रस्तावित लाभांश मध्ये वोनश शेयर दश प्रतिशत र नगद लाभांश पाँच प्रतिशत प्रस्ताव गरिएको भए अझ राम्रो हुने थियो भन्ने सुझाव दिनुभयो ।

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED KATHMANDU 2001 CHHIMEK

(घ) अर्जुन पंत

- प्रस्तावित लाभांश मध्ये पुरै नगद लाभांश दिनुपर्ने सुझाव दिनुभयो ।
- यस वित्तीय संस्थाको अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ती सम्वन्धि छलफल भै रहेको छ ? जानकारी दिनुहुन अनुरोध गर्दछु ।

(ङ) **महेन्द्र गौतम**

- हाल ५१ प्रतिशत भएको संस्थापक शेयरलाई साधारण सेयरमा Conversion गर्नुपर्यो, संस्थापक शेयर खरिद विक्रीको प्रकृया झन्झटिलो रहेको हुँदा साधारण शेयर सरह खरिद विक्री गर्न पाए सहज हुने थियो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्वन्धमा सभापतिज्यूका साथै सभापतिज्यूको अनुमतीले कम्पनी सचिव तथा विभागीय प्रमुखहरुले दिनुभएको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सल्लाह, सुझावका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावले राख्नुभएको प्रश्न तथा जिज्ञासाको सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नुभयो ।

(क) वार्षिक प्रतिवेदनमा समाविष्ट गर्ने विषय वारे स्पष्ट पार्दै प्रचलित ऐनले तोकेको र नियमनकारी निकायको निर्देशन बमोजिम राखिने गरिएको जानकारी गराउनु भयो । वित्तीय संस्थाले गरेका सामाजिक गतिविधिहरुको सारांश हाल पनि प्रतिवेदनमा राखिएको उल्लेख गर्दै यस्ता गतिविधिले लघुवित्त संस्थालाई थप मजवुत वनाउने भएकोले वित्तीय संस्थाको कार्यक्षेत्रमा र प्रत्यक्ष ग्राहक सदस्यलाई जानकारी हुने किसिमका कार्य सञ्चालन गरिएको छ । लघुवित्त क्षेत्रको अग्रणी संस्था हुनुको कारण हाल लघुवित्त क्षेत्र प्रतिको भ्रम चिर्न यस वित्तीय संस्थाले गरेका सामाजिक कार्यहरु ग्राहकवर्गमा मात्रै सिमित नराखी सर्वसाधारणलाई समेत जानकारी हुने गरि विभिन्न माध्यमबाट प्रकाशित गर्ने र लघुवित्त प्रतिको जनगुनासो केही हदमा भएपनि कम गर्ने प्रयास भैरहेको जानकारी सभालाई गराउनुभयो ।

वित्तीय संस्थाले आफ्ना कर्मचारीको क्षमता अभिवृद्धिको लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु नियमित रुपमा सञ्चालन गरिरहेको र यसबाट वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुको क्षमतामा वृद्धि भएको जानकारी सभालाई गराउनु भयो ।

वित्तीय संस्थामा हुनसक्ने विभिन्न किसिमका Fraud रोक्न आन्तरिक नियन्त्रण प्रणाली र प्रविधिको उपयोग गरिएको छ । लघुवित्त कार्यक्रममा ग्राहक सदस्यसँग हुने कारोवारलाई पारदर्शी वनाउन विभिन्न किसिमका प्रविधिको प्रयोग गरिएको छ । नियमित रुपमा हुने शाखा अनुगमन, आन्तरिक लेखा परीक्षण, वाह्य लेखा परीक्षणको वित्तीय संस्थामा हुनसक्ने सम्भावित Fraud रोक्न महत्वपूर्ण भूमिका रहेको छ । हाल यस वित्तीय संस्थाले अवलम्वन गरेको प्रविधि एवं नीतिको कारण यस्ता घटनाबाट वित्तीय संस्था सुरक्षित रहेको जानकारी सभालाई गराउनु भयो ।

(ख) नियमनकारी निकायको निर्देशन वमोजिम धितो ऋणमा ७ लाखको कर्जा सिमा कायम हुनु, एक व्यक्ती एक वित्तीय संस्थाबाट मात्रै ऋण लिन पाउने ब्यवस्था, आर्थिक मन्दीको असर, लघुवित्त विरोधी गतिविधिले ऋणको मागमा आएको कमीका कारण ऋण लगानी नभएकोले सो शिर्षकमा उल्लेख्य रुपमा बृद्धि भएको छ । आ.व. २०७८/७९ मा वित्तीय क्षेत्रमा तरलता अभावको कारण नगद शिर्षकमा कम मौज्दात रहेको तर आ.व. २०७९/८० मा तरलताको समस्या समाधान भएकोले नगदको मौज्दात उच्च रुपमा वढेको हो । हाल यस वित्तीय संस्थाले तरलता व्यवस्थापनको लागि छोटो अवधिको मुद्दतीमामा लगानी, ट्रेजरी बिल आदी शिर्षकमा लगानी गरेकोले यस्ता लगानीले वित्तीय संस्थालाई राम्रो प्रतिफल दिने जानकारी सभालाई गराउनुभयो ।

(ग) वित्तीय संस्थाको लाभांस वितरणको क्षमता हुँदाहुँदै पनि नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक) को सल्लाह बमोजिम १५ प्रतिशत मात्र लाभांश प्रस्ताव गरिएको जानकारी सभालाई गराउनु भयो ।

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

हाल दिइएको नगद लाभांश हाल सम्मकै उच्च नगद लाभांश हो । यस अघि सर्वसाधारण शेयरधनीको हितलाई ध्यानमा राखि वोनस शेयर प्रस्ताव गर्ने गरेकोमा यस पटक संस्थापक शेयरधनीलाई पनि ध्यानमा राखि नगद लाभांश १० प्रतिशत र ५ प्रतिशत मात्र वोनस शेयर प्रस्ताव गरिएको हो ।

(घ) सर्वसाधारण शेयरधनी र संस्थापक शेयरधनी दुवैको हितलाई ध्यानमा राखि वित्तीय संस्थाले लाभांश पारित गर्नु पर्ने हुदा नगद लाभांश १० प्रतिशत र ५ प्रतिशत वोनस शेयर प्रस्ताव गरिएको हो । साथै, ५ प्रतिशत वोनस शेयर प्रस्ताव गर्दा वित्तीय संस्थाको पुँजीको आकार समेत केहि बढ्ने हुँदा उक्त वोनस शेयरको प्रस्ताव गरिएको हो ।

हाल अन्य कुनै लघुवित्तसँग मर्जर/प्राप्ती सम्बन्धी छलफल भै नरहेको र भविष्यमा उपयुक्त प्रस्ताव आएमा यस वित्तीय संस्था मर्जर/प्राप्तीका लागि तत्पर रहेको जानकारी सभालाई गराउनुभयो ।

(ङ) विगतमा प्रचलित कानुन वमोजिम संस्थापक शेयरलाई सर्वसाधारणमा रुपान्तर गरिएको र विद्यमान कानुनी प्रावधान अनुसार पुनः संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा रुपान्तर गर्ने व्यवस्था नभएको जानकारी सभालाई गराउनु भयो । संस्थापक शेयर खरिद बिक्रीको प्रकृया विद्यमान कानूनी व्यवस्था अनुरुप तथा नियमनकारी निकायद्धारा जारी निर्देशन तथा मापदण्ड बमोजिम गर्नुपर्ने भएकोले यस कार्यमा वित्तीय संस्थाले सोही नियम कानुन तथा निर्देशनको पालना गर्नुपर्ने ब्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

११. **सभाको निर्णय :**

(क) **सामान्य प्रस्ताव**

१. प्रस्ताव नं. १ वमोजिम सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल भैसकेकोले सो लाई पारित गरियोस भनी सभापतिज्यूले निर्णयार्थ पेश गर्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ वमोजिम लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ वमोजिम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागी लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ( वर्तमान लेखा परीक्षक श्री P.L.R.G. Associates ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।) प्रस्ताव उपर छलफल गरी लेखा परीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८०/०८१ का लागी P.L.R.G. Associates लाई Statutory Audit र Tax Audit समेतको कार्य गर्न नियुक्त गर्ने र सो कार्यका लागी त्यस कम्पनीलाई Transportation, Lodging, Fooding लगायत अन्य सम्पुर्ण खर्चहरु समेत (मुल्य अभिवृद्धि कर सहित) कुल **रु.७,८९,६१६।- (अक्षरेपी सात लाख उन्नानव्वे हजार छ सय सोह्र रुपैया मात्र)** मा नबढ्ने गरी उपलब्ध गराउने निर्णय सर्व सम्मतिबाट पारीत भयो ।

४. प्रस्ताव नं.४ वमोजिम सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/०८० को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.२,८३,५४,०२,०००।- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.२८,३५,४०,२००।- (अक्षरेपी अट्ठाईस करोड पैंतिस लाख चालिस हजार दुई सय रुपैयाँ मात्र) नगद लाभांश बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृतीका लागि सभापतिज्यूले राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ख) **विशेष प्रस्ताव**

१. प्रस्ताव नं. १ वमोजिम सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ. व. २०७९/०८० को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.२,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई



CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

हजार रुपैयाँ मात्र) को ५ प्रतिशतका दरले हुन आउने रकम रु.१४,१७,७०,१००।- (अक्षरेपी चौध करोड सत्र लाख सत्तरी हजार एकसय रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,९७,७१,७२,१००।- (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. प्रस्ताव नं. २ वमोजिम वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. प्रस्ताव नं. ३ वमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (चुक्ता पुँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रमा प्रस्तावित संशोधनहरु :**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (१) दफा ५. वित्तीय संस्थाको पूँजीको संरचना : वित्तीय संस्थाको पूँजी संरचना देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रु.२,८३,५४,०२,०००।- (अक्षरेपी दुई अर्व त्रियासी करोड चवन्न लाख दुई हजार रुपैया मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका २,८३,५४,०२० (दुई करोड त्रियासी लाख चवन्न हजार बिस) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.२,८३,५४,०२,०००।- (अक्षरेपी दुई अर्व त्रियासी करोड चवन्न लाख दुई हजार रुपैया मात्र) हुनेछ । | (१) दफा ५. वित्तीय संस्थाको पूँजीको संरचना : वित्तीय संस्थाको पूँजी संरचना देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रु.२,९७,७१,७२,१००।- (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका २,९७,७१,७२१ (दुई करोड सन्तानब्बे लाख एकहत्तर हजार सात सय एक्काईस) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.२,९७,७१,७२,१००।- (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) हुनेछ । | वोनस शेयर जारी गरे पश्चात जारी र चुक्ता पूँजी बृद्धि हुने भएकोले |

(ग) **विविध प्रस्ताव तर्फ :**

(१) **सञ्चालक नियुक्ती तथा सम्मान** *(क) यस वित्तीय संस्थाको २८६औं सञ्चालक समितिको बैठकले संस्थापक समुहका शेयरधनीहरुको तर्फबाट यस वित्तीय संस्थाको सञ्चालक समितिमा ग्लोबल आईएमई बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्नेगरी मिति २०८०।०१।०६ देखि लागू हुनेगरी ४ वर्षका लागिसञ्चालक पदमा मनोनित/नियुक्त हुनु भएकोले यस वार्षिक साधारण सभाद्वारा सो को अनुमोदन गर्दै सफल कार्यकालको शुभकामना सहित* ***प्रमाण-पत्र*** *प्रदान गर्ने कार्य भयो ।*

*(ख) यस वित्तीय संस्थाको संस्थापक समुहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा नविल बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्दै मिति २०७६।०१।०६ देखि मिति २०८०।०१।०५ सम्म सञ्चालकको रुपमा रही यस वित्तीय संस्थाको प्रगतिलाई थप उचाइमा पुऱ्याउने कार्यमा यहाँको महत्वपूर्ण भुमिका र योगदानको उच्च कदर गर्दै*



CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

*वहाँको उज्ज्वल भविष्यको कामना सहित यस वित्तीय संस्थाको २२औं वार्षिक साधारण सभाको सु-अवसरमा **कदरपत्र** प्रदान गरिएको छ ।*

(२) **धन्यवाद ज्ञापन :** सभापतिज्यूको अनुमति लिई वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री चोलराज शर्मा जोशी ज्यूले यस वित्तीय संस्थाले लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न ग्राहक सदस्यका आवश्यकता बमोजिमका कार्यक्रम ल्याइने र ऋण बचतका साथै ग्राहक सदस्यको हितलाई सर्वोपरी राखी काम गर्ने उल्लेख गर्दै भविष्यका योजनाका वारेमा जानकारी दिनु भयो र साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी, अतिथि महानुभाव एवं कर्मचारी सबैलाई धन्यवाद दिनुभयो ।

कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठज्यूबाट आजको यस २२औं वार्षिक साधारण सभामा समावेश विषय सूची अन्तर्गतका सम्पुर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभाको औपचारिक कार्यक्रम समापन गरिदिनुहुनको लागी सभाका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

(३) विषय सूचीमा रहेका सम्पुर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यस सभालाई सफल वनाउन पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी यस सभालाई सफलता पूर्वक सम्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउने सम्पुर्ण शेयरधनी महानुभावहरुका साथै नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लि., बाह्य लेखा परीक्षक, एनएमबी क्यापिटल, कानुनी सल्लाहकार तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार महानुभावहरु, सञ्चालकहरू र सम्पुर्ण कर्मचारीहरु लगायत सभाहल उपलब्ध गराउने होटल सामनालाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दै यस २२औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम अपरान्ह १:०० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

**साधारण सभाको औपचारिक कार्यक्रमको समापन पश्चात् दोश्रो चरणमा वित्तीय संस्थामा उत्कृष्ट कार्य गर्ने शाखाहरुलाई पुरस्कार वितरण गरिएको थियो ।**

(क) <u>उत्कृष्ट कार्य गर्ने शाखालाई पुरस्कार वितरण :</u>

- उक्त अवसरमा आ.व. २०७९/८० मा वित्तीय संस्थाको प्रदेश स्तरमा उत्कृष्ट कार्य सम्पादन गर्ने कोशी प्रादेशिक कार्यालय अन्तर्गत **धरान शाखा**, मधेश प्रादेशिक कार्यालय अन्तर्गत **सिमरा शाखा**, काठमाडौं/गण्डकी प्रादेशिक कार्यालय अन्तर्गत **तालचोक शाखा**, लुम्विनी प्रादेशिक कार्यालय अन्तर्गत **तुल्सीपुर शाखा** र कर्णाली/सुदुरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गत **बाजुरा शाखा** लाई प्रशंसा-पत्र र नगद पुरस्कार रु.११,०००।- का दरले वित्तीय संस्थाका अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट संयुक्त रुपमा प्रदान गरिएको थियो ।

| | | |
|---|---|---|
| ................ | CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED, KATHMANDU 2001, CHHIMEK | ................ |
| दस्तखत | | दस्तखत |
| श्री दिलिप कुमार श्रेष्ठ | | श्री रामचन्द्र जोशी |
| कम्पनी सचिव | | अध्यक्ष |